# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ८, संख्याः ४, श्रावण २३ गते, २०८१ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर दलित समन्वय समिति व्यवस्थापन कार्यविधि (प्रथम संशोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।४।७

व्यास नगर दलित समन्वय समिति व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुने गरी निम्नानुसार संशोधन गरेको छ :

१. दफा ३ पछि दफा **(३क)** थप **"व्यवसाय लगानीका क्षेत्रहरु"**

**(क) स-साना घरेलु उद्योग तर्फ :** तालिम प्राप्त गरी घरेलु हस्तकला लगायत फलाम/तामा/पित्तल/सिलवट आदिका भाँडाकुँडा बनाउने, आरन, मुढा, दालमोठ, भुजिया, अचार उद्योग, बाटेको धुप, मैनबत्ती, जुत्रा, चप्पल उद्योग, ढाका बुनाई, सिलाई बुनाई, झोला, वातावरणमैत्री झोला निर्माण, बाजा बजाउने पेशा जस्ता परम्परागत सामान उत्पादित उद्योग आफ्नै जग्गामा बनेको घरमा वा भाडामा लिएको भए जग्गाधनी वा घरधनीसँग सम्झौता गरेको पत्र हुनु पर्नेछ ।

(ख) **कृषि विकास तर्फ :** आफ्नै नाममा रहेको जग्गा जमिन वा भाडामा लिएको भए सम्झौता गरी तरकारी खेती, फलफूल खेती र माछा लगायत कृषिजन्य वस्तु उत्पादन गरी वडास्तरमा उदाहरणीय रुपमा व्यवसाय सञ्चालन गर्दै आएको हुनु पर्नेछ ।

(ग) **पशुपंक्षी पालन तर्फ :** बाखा, गाई, भैंसी, कुखुरा, बंगुर जस्ता पशुपंक्षी पालन गरी व्यवसायिक रुपमा आफ्नै नाममा रहेको जग्गा वा जग्गा भाडामा लिएको भए सोको सम्झौता गरी व्यवसाय सञ्चालन गर्दै आएको हुनु पर्नेछ ।

(घ) **व्यापार तथा व्यवसाय क्षेत्र तर्फ :** होटल व्यवसाय, किराना पसल, इलोक्ट्रोनिक तथा मोवाइल मर्मत पसल, कस्मेटिक पसल, तरकारी फलफूल पसल, माछामासु पसल जस्ता स-साना व्यवसाय आफ्नै घरमा वा भाडामा लिएको घर भए घरधनीसँग सम्झौता गरी व्यवसाय सञ्चालन गर्दै आएको हुनु पर्नेछ ।

२. दफा ३ पछि दफा **(३ख)** थप **"अनुदान लगानीको प्रकृया" :** दफा ३क अनुसारको व्यवसायमा लगानी गर्दा देहाय बमोजिमको प्रकृयाहरु अवलम्बन गर्नु पर्नेछ ।

(क) व्यास नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ ।

(ख) सम्बन्धित वडामा अनिवार्य रुपमा एक वर्ष अघिदेखि नै व्यवसाय दर्ता गरी व्यवसायिक रुपमा निरन्तर व्यवसाय गरेको हुनु पर्नेछ ।

(ग) सम्बन्धित वडा कार्यालयबाट व्यवसाय सञ्चालन गरेको सिफारिस पत्र ।

(घ) अनुदान वितरण समितिले सूचना बमोजिम पर्न आएका व्यवसायीहरुको व्यवसाय स्थलगत रुपमा अनुगमन, निरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ङ) व्यवसायको प्रकृति हेरी अनुदान वितरण समितिले कार्यपालिका समक्ष अनुदान उपलब्ध गराउन सिफारिस पेश गर्नु पर्नेछ ।

(च) व्यवसायीले अनुदान प्राप्त गर्ने सुनिश्चित भएपछि नगरपालिकासँग सम्झौता गर्नु पर्नेछ ।

(छ) व्यवसायसँग सम्बन्धित वस्तु वा सामान खरिद गरेको नियमानुसारका विल भरपाई पेश गरे पश्चात् मात्र अनुदान सहयोग रकम प्रदान गरिनेछ ।

(ज) अनुदान रकम सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत उपलब्ध गराइने छ ।

३. दफा ३ पछि दफा **(३ग)** थप **"अनुदान सम्बन्धी अन्य शर्तहरु"** :

(क) अनुदान प्रदान गर्नका लागि कार्यालयबाट न्यूनतम १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिने छ ।

(ख) अनुदान कार्यक्रम सबै वडालाई समेट्ने गरी माग निवेदन संख्याको आधारमा छनौट गरिनेछ ।

(ग) अनुदान प्राप्त गर्ने व्यवसायीले अनुदान प्राप्त गरे पश्चात् निरन्तर रुपमा कम्तिमा ५ वर्षसम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ । अन्यथा अनुदान प्राप्त रकम नगरपालिकालाई फिर्ता गर्नु पर्नेछ ।

४. **समिति सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिमका उद्देश्य प्राप्तिका लागी कार्यक्रमहरु सञ्चालन, व्यवस्थापन गर्न तल लेखिए बमोजिमको समिति रहनेछ :

(क) संयोजक :प्रमुख - १

(ख) सदस्य :उपप्रमुख - १

(ग) सदस्य :प्रमुख प्रशासकीय अधिकृत - १

(घ) सदस्य :सामाजिक विकास समिति संयोजक - १

(ङ) सदस्य :नगरपालिकाका दलित सदस्यहरु सबै - १६

(च) सदस्य :राष्ट्रिय मान्यता प्राप्त जिल्ला स्थित क्रियाशील दलका १ जना प्रतिनिधिका दरले हुन आउने संख्या

(छ) सदस्य :आर्थिक प्रशासन शाखा प्रमुख - १

(ज) सदस्य :शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख - १

(झ) सदस्य सचिव :महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक उपशाखा प्रमुख - १

**भन्नेको सट्टा देहाय बमोजिम राखी संशोधन गरिएको :**

**समिति सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिमका उद्देश्य प्राप्तिका लागी कार्यक्रमहरु सञ्चालन, व्यवस्थापन गर्न तल लेखिए बमोजिमको समिति रहनेछ :

(क) संयोजक :प्रमुख - १

(ख) सदस्य :उपप्रमुख - १

(ग) सदस्य :प्रमुख प्रशासकीय अधिकृत - १

(घ) सदस्य :सामाजिक विकास समिति संयोजक - १

(ङ) सदस्य :कार्यपालिकाका दलित सदस्य मध्येबाट २ जना

(च) सदस्य :दलित सदस्य मध्येबाट नगरपालिकाले मनोनित गरेको ५ जना सदस्य

(छ) सदस्य :शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

(ज) सदस्य सचिव :महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख

५. दफा ४ पछि दफा **(४क)** थप **अनुदान वितरण तथा सिफारिस समिति :** यस कार्यक्रम अन्तर्गत प्राप्त दरखास्तको छानविन गरी अनुदानका लागि कार्यपालिकामा सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ :

(क) संयोजक : उपप्रमुख

(ख) सदस्य : उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखा प्रमुख

(ग) सदस्य : व्यास नगर दलित समन्वय समितिको संयोजकले तोकेको दलित सदस्य मध्येबाट १ पुरुष र १ महिला सहित २ जना

(घ) सदस्य सचिव : महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा प्रमुख

आज्ञाले

काशी राम गैरे

प्रमुख प्रशासकीय अधिकृत